नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१ | चलानी नं.:- ४३५

मितिः-२०८१/०२/३२

ने.सं.११४४ तछलाथ्व ०८

विषयः- आ. व. २०८१।०८२ को कृषि तर्फका कार्यक्रम सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च. नं. २४१ मिति २०८१/०२/१७ को स्थानीय तहका लागि आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यक्रम सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

दीपिश कट्टेल
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
योजना तथा विकास सहायता समन्वय महाशाखा
(बजेट तथा कार्यक्रम शाखा)

☎४२११६६५
फ्याक्स ४२१११९३५
सिंहदरबार,काठमाडौं, नेपाल

प.सं : यो.व.का.०८०/८१
च.नं. : ८४१

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

मिति: २०८१/०२/१७

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
संघीय मामिला महाशाखा, स्थानीय तह समन्वय शाखा,
सिंहदरबार, काठमाण्डौ।

**विषयः आगामी आर्थिक वर्ष २०८१/८२ का लागि वार्षिक कार्यक्रम सम्बन्धमा।**

कृषि क्षेत्रका समग्र राष्ट्रिय लक्ष्यहरु प्राप्त गर्न संघ, प्रदेश र स्थानिय तहमा कृषि क्षेत्रको विकासको जिम्मेवारी प्राप्त निकायहरुले समन्वय र सहकार्यमा कार्य गर्न संविधानले गरेको दिशानिर्देश अनुरुप कृषि क्षेत्रको व्यवसायिकरण तथा आधुनिकिकरणका कार्यक्रमहरु संचालित भई रहेका छन। यसै सन्दर्भमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्रदेश र स्थानिय तहसंग विभिन्न प्रक्रिया मार्फत राष्ट्रिय प्राथमिकताहरुको प्रदेश र स्थानिय तहमा समायोजन गर्न समन्वय र सहकार्यको प्रयास गर्दै आएको छ। बार्षिक रुपमा स्थानिय तहको माग, आवश्यकता र राष्ट्रिय लक्ष्य प्राप्तिकोलागी शसर्त अनुदानका कार्यक्रमहरु समेत स्थानियतहहरुमा पठाउदै आएको छ। यसै प्रकियाको एक श्रृखलाको रुपमा यो अनुरोध गरिएको छ। कृषि क्षेत्रको राष्ट्रिय लक्ष्यहरु प्राप्त गर्न अपरिहार्यता रहेको सन्दर्भमा तपशिलमा उल्लेख भएका प्राथमिकताका क्षेत्रहरुलाई समेत समाबेश गरी स्थानीयतहको समग्र कृषि, पशुपन्छी तथा मत्स्य विकासका आर्थिक बर्ष २०८१/८२ को कार्यक्रमहरुमा तपशिलका कार्यक्रमहरु समावेश गरी दिनु हुन अनुरोधका लागि तहाँ मन्त्रालय मार्फत स्थानीय तहहरुलाई जानकारी एवम् परिपत्र गरिदिनुहुन मिति २०८१/०२/१७ को सचिवस्तरीय निर्णयानुसार अनुरोध छ।

तपशिलः

१. कृषिमा लगानी दशक कार्यान्वियनका कार्यक्रमहरु: नेपाल सरकारले २०८१-२०९१ को दशकलाई कृषिमा लगानिको दशक घोषणा गरेको छ। कृषि क्षेत्रमा उपलब्ध अवसरको उपयोग गर्न र चुनौतिहरुको सामना गर्न सरकारी, निजि तथा सहकारी क्षेत्रको लगानी कृषिको व्यवसायिकरणमा आकर्षित गर्न आवश्यक कार्यक्रमहरु।

२. बाली विशेषका उत्पादन क्षेत्रहरु घोषणा गर्ने: स्थानिय तहहरुले व्यवसायिक सम्भाव्यताको आधारमा बालि विशेषका उत्पादनका क्षेत्रहरु घोषणा गर्ने कार्यक्रम यस्ता उत्पादन क्षेत्रहरुमा बालि विषेशको उत्पादन अभियान संचालनका कार्यक्रमहरु।

३. कृषक समुह तथा सहकारी परिचालनका कार्यक्रमहरु: कृषिको व्यवसायिकरण आधुनिकिकरण कृषि उपजको बजारीकरण र कृषकहरुलाई कृषि उपजको उचित मुल्य प्रदान गर्न लागि कृषक समुह गठन, पुनः गठन, सहकारी गठन परिचालन तथा क्षमता अभिबृद्धिका कार्यक्रमहरु।

४. साना कृषि उपज प्रशोधन उद्योगहरुको स्थापना तथा संचालन: स्थानिय स्तरमा कृषि उत्पादनको प्रशोधन गरि मुल्य बढाउन सकिने साना उद्योगहरुस्थान र संचालनमा सहयोग गर्ने कार्यक्रमहरु।

५. राष्ट्रिय फल सुन्तला प्रबर्द्धन कार्यक्रम: सुन्तलालाई मिति २०८० चैत्र ३० गतेको मन्त्रिपरिषदले नेपालको राष्ट्रिय फलको घोषणा गरेकोले सुन्तला बालीको सम्भाब्यता भएका स्थानियतहहरुमा बिरुवाको उपलब्धताको आधारमा सुन्तला बाली प्रबर्द्धनका क्रियाकलापहरु। स्थानिय स्तरमा नै सुन्तला जातको नर्सरीहरु स्थापना गर्ने कार्यक्रमहरु। कृपया अन्य

☎४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार,काठमाडौं, नेपाल

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## योजना तथा विकास सहायता समन्वय महाशाखा
(बजेट तथा कार्यक्रम शाखा)

प.सं : यो.ब.का.०८०/८१
च.नं. : ४४१

स्थानबाट विरुवा ल्याउदा गुणस्तरीय विरुवा रोग नभएको सुनिश्चतता भएको नर्सरीबाट लिने व्यवस्था गर्न हुन। धेरै ठाउमा बाहिरबाट ल्याइएका विरुवा संगै रोग भित्रिदा स्थानिय पुराना बगैचा समेत नस्ट भएका छन।

६. <u>गुरु किसान छनौट तथा नमूना फार्म स्थापना सहयोग कार्यक्रमः</u> सबै स्थानिय तहहरुले प्रत्येक वडामा एक नमुना कृषि तथा पशुपन्छी फार्म स्थापना गर्ने। त्यस्तो फार्म संचालन गर्ने कृषकलाई गुरु किसानको रुपमा पहिचान दिने तथा परिचालन कार्यक्रम। यस्ता गुरु किसानको नामावली संघिय मन्त्रालयमा पठाउने र आगामि दिनमा यस्तो फार्मलाई सिकाई केन्द्रको रुपमा विकास गर्ने कार्यक्रम।

७. <u>बाली उत्पादन र प्रबर्द्धन बिशेष कार्यक्रमहरुः</u> स्थानिय तहको संभाव्यता अनुसार विभिन्न बाली प्रवर्द्धन कार्यक्रम, चैते धान प्रर्वद्धन कार्यक्रम, मसिना तथा बास्नादार धान प्रर्वद्धन कार्यक्रम, मार्सिधान प्रबर्द्धन कार्यक्रम, हिउँदे मकै प्रवर्द्धन कार्यक्रम, मकै बाली प्रवर्द्धन कार्यक्रम, फलफूल बाली, तरकारी बाली, मह उत्पादन आदी कार्यक्रमहरु।

८. <u>प्रमुख राजमार्गहरूलाई कृषिको व्यवसायिकरणका गतिशील मार्गको रूपमा विकास गर्दै लिने कार्यक्रमहरुः</u> मध्यपहाडी लोकमार्ग, मदन भण्डारी राजमार्ग, हुलाकी राजमार्ग लगायत उत्तर दक्षिण राजमार्ग केन्द्रित कृषिको व्यवसायिकरण कार्यक्रम सञ्चालनका लागि यि राजमार्गहरुसंग जोडिएका स्थानीय तहरुले ब्यावसायिक कृषि उत्पादनका लागि प्रबर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्ने।

९. <u>स्थानीय तह र महानगर साझेदारी कार्यक्रमः</u> शहरी उपभोक्ताहरूका लागि आवश्यक ताजा तरकारी, दूध तथा माछा मासुको आपूर्ति नियमित र सहज गर्न महानगर र गाँउपालिका बीच साझेदारीका कार्यक्रमहरु संचालन गर्ने।

१०. <u>साना सिँचाई पूर्वाधार विकासका कार्यक्रमहरुः</u> कृषि क्षेत्रमा सिँचाई विस्तार गरी बाली सघनता बृद्धि गर्न सहज हुने।

११. <u>कृषियोग्य बाँझो जमिन उपयोगका कार्यक्रमहरुः</u> पशुपालन, उच्च मूल्यका विभिन्न फलफूल गैरकाष्ठ वन पैदावार तथा अन्य नगदेबाली खेतीका लागि प्रोत्साहन हुने कार्यक्रमहरु साथै कृषियोग्य भूमिको संरक्षण, बाँझो जग्गाको सदुपयोग, चक्लावन्दी एवं करार खेती प्रवर्द्धनका कार्यक्रमहरु।

१२. <u>स्रोत केन्द्रहरूको स्थापना, विस्तार तथा सुदृढीकरण कार्यक्रमः</u> गुणस्तरीय उत्पादन सामाग्रीमा कृषकको पँहुच बिस्तार गर्न कृषि, पशुपन्छी तथा मत्स्यपालनका लागि आवश्यक उन्नत बीउ, बेर्ना, नश्ल, माछाका भुरा, बाच्छीमात्र जन्मने बीर्य, दाना, औषधी, खोप लगायतका उत्पादन सामाग्रीहरू स्वदेश स्थानिय तहमै उत्पादनका लागि स्रोत केन्द्र स्थापना र सुढिढिकरण कार्यक्रमहरु संचालन गर्ने।

१३. <u>प्राङ्गारिक खेती प्रबर्द्धन कार्यक्रमः</u> तरकारी तथा अन्य खाद्यन्न बालीहरुमा बिषादीको प्रयोग न्यूनिकरण गर्न एकिकृत शत्रुजीव व्यवस्थापन कार्यक्रम, दीगो पर्यावरणीय कृषि कार्यक्रम, कृषि-वन कार्यक्रम, प्राङ्गारिक मलको प्रवर्द्धन तथा प्राङ्गारिक खेतीलाई प्रवर्द्धन कार्यक्रम संचालन गर्ने। विषादिको बढि प्रयोग हुने क्षेत्रहरुमा कृषकहरुलाई बिषादीको प्रयोग न्युनिकरणका कार्यक्रमहरु।

१४. <u>असल पशुपालन अभ्यास प्रवर्द्धन कार्यक्रमः</u> कृत्रिम गर्भाधान कार्यक्रम, तथ्याङ्क रिपोर्टिङ कार्यक्रम, फार्म अभिलेखिकरण पाइलोटिङ कार्यक्रम, फार्म जैविक सुरक्षा जस्ता असल पशुपालनका अभ्यासहरु अनुसरणका लागि कार्यक्रम संचालन गर्ने।

१५. <u>समुदायमा आधारित बीउ उत्पादन र प्रबर्द्धनका कार्यक्रमः</u> कृषकहरुलाई उन्नत बीउमा सहज पहुँच पुर्याउनका लागि समुदायमा आधारित समुह/ सहकारी मार्फत बीउ उत्पादनका कार्यक्रमहरुमा जोड दिने।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
योजना तथा विकास सहायता समन्वय महाशाखा
(बजेट तथा कार्यक्रम शाखा)

☎४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार,काठमाडौं, नेपाल

प.सं : यो.ब.का.०८०/८१
च.नं. : ८४१

१६.<u>कृषि तथा पशुपन्छी जैविक विविधता तथा रैथाने बाली संरक्षण र प्रवर्द्धन कार्यक्रम:</u> बालीनाली पशुपन्छी तथा मत्स्य जैविक विविधता संरक्षण, सम्वर्द्धन तथा उपयोगको अभियानका लागि कृषि जैविक विविधता संरक्षणका कार्यक्रमहरु संचालन गर्ने। चरन खर्क सुधार तथा व्यवस्थापन, याक संरक्षण तथा प्रवर्द्धन कार्यक्रम, च्याङ्ग्रा संरक्षण तथा प्रवर्द्धन कार्यक्रम, आनुवांशिक स्रोत केन्द्र व्यवस्थापन आदि कार्यक्रम संचालन गर्ने।

१७.<u>जलवायु परिवर्तन उत्थानशिल कृषि विकास कार्यक्रम:</u> जलवायु परिवर्तनबाट सृजित समस्याहरु र यसको अवसरलाई प्रयोग गर्न कृषि तथा पशुपालन क्षेत्रमा जलवायु परिवर्तन उत्थानशील प्रविधि प्रबर्द्धन कार्यक्रम ,जलवायु परिवर्तन उत्थानशील अनुसन्धान कार्यक्रम, जलवायु मैत्री पशुपन्छी उत्पादन प्रवर्द्धन, आनुवांशिक स्रोत संरक्षण ,हिमाली तथा उच्चपहाडी क्षेत्रमा चरन खर्क सुधार व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथमिकता दिई संचालन गर्ने।

१८.<u>कृषि र उद्योगलाई जोड्ने कार्यक्रमहरु:</u> कृषिमा आधारित उद्योगहरुका लागि आवश्यक कच्चा पदार्थ उत्पादन गर्न स्थानीय तहहरुको सम्भाव्यताका आधारमा कृषि उद्योग- स्थानीय तह- उत्पादक कृषक समूह तथा सहकारी बीच खरिद तथा आपूर्ति सम्झौता गरीने कार्यक्रमहरु संचालन गर्ने। साथै कृषि उद्योगको लागि कच्चा पदार्थ उत्पादन गर्ने क्षेत्रहरूलाई बाली विशेषको उत्पादन क्षेत्रको रूपमा घोषणा गरी बिशेष प्राथमिकता दिने। जस्तै चिप्स आलु प्रबर्द्धन कार्यक्रम, अकबरे खुर्सानी उत्पादन कार्यक्रम, दुध प्रशोधन उद्योग आदि।

१९.<u>निर्यात प्रबर्द्धनका कार्यक्रमहरु:</u> संघीय सरकार र प्रदेश सरकारसंगको सहकार्यमा निर्यात हुन सक्ने बिशेष प्रकृतिका बाली तथा बस्तुका लागि भौगोलिक सङ्केत मापदण्ड अनुसार उत्पादन प्रोत्साहनमा अनुदानका कार्यक्रमहरु संचालन गर्न। खोरेत र लम्पी स्किन रोग विशेष नियन्त्रण कार्यक्रम, जोनिङ्ग तथा कम्पार्टमेन्टलाईजेशजन गरी खोरेत रोग नियन्त्रण कार्यक्रम, बफेलो कुक्ड मिट निर्यातको लागि मासुको लागि बफेलो जोनमा पाडापाडी हुर्काउने कार्यक्रम, नेपालमा छुर्पीको उत्पादन, निर्यातको वर्तमान अबस्था तथा अन्तराष्ट्रिय बजार प्रवर्द्धनात्मक आदीका कार्यक्रमहरु संचालन गर्ने।

२०.<u>किसान सुचिकरण अभियानलाई तिब्रता प्रदान गर्ने र उपयोगका कार्यक्रमहरु:</u> किसान सूचीकरण सम्पन्न गरेका स्थानीय तहहरूमा किसान परिचय-पत्र वितरण गरी कृषि क्षेत्रमा प्रदान गरिने सेवा सहुलियतलाई किसान परिचय पत्रसँग आवद्ध गर्ने कार्यक्रमहरु संचालन गर्ने।

२१.<u>कृषि तथा पशुपन्छी बजार संजाल विकास र बजार प्रबर्द्धन कार्यक्रम:</u> राष्ट्रिय कृषि बजार सञ्जाल तथा आपूर्ति श्रृङ्खला विकास गर्न रणनैतिक हिसाबले महत्वपूर्ण ठाँउहरूमा निजी क्षेत्रको समेत सहभागितामा तीनै तहका सरकार मार्फत् कृषि बजार संरचनाहरू निर्माण र सञ्चालन गर्ने कार्यक्रमहरु। चिलिङ्ग सेन्टर तथा प्रशोधन केन्द्र, महानगरपालिका, उपमहानगरपालिका आधुनिक मिट मार्ट स्थापनका कार्यक्रम, संभाव्य पालिकाहरुमा पशु बधशाला स्थापना, माछा बजार सुधार, मासु पसल सुधार, डेरी पसल सुधार, बजार पूर्वाधारहरु विकास, बजार सुचना प्रणाली विकास जस्ता कार्यक्रमहरुका लागि बजेट विनियोजन गर्नुहुन।

२२.<u>पशुपन्छी तथा मत्स्यजन्य रोग नियन्त्रणका कार्यक्रमहरु:</u> स्वदेशमा नै उत्पादित पशुपन्छीका रोगविरुद्धका भ्याक्सिनको प्रयोगका लागि अभियान संचालन गर्न जनशक्तिको व्यवस्थापन हुने कार्यक्रमहरु। राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण कार्यक्रम (FMD, PPR, Ranikhet, CSF र HS/BQ) अन्तरगत खोप सेवा कार्यक्रम, अन्य पशुपन्छीको खोप सेवा, रेविज तथा जुनोटिक रोग नियन्त्रण कार्यक्रम, आकस्मिक रोग नियन्त्रण कार्यक्रम, आधारभूत पशुपन्छी रोग अन्वेषण प्रयोगशाला बिस्तार, भ्याक्सिन कोल्ड चेन व्यवस्थापनको लागि प्रयोगशाला ग्रेडको रेफ्रिजेरेटर Ice Lined Refrigerator (ILR) ,

☎४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार,काठमाडौं, नेपाल

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## योजना तथा विकास सहायता समन्वय महाशाखा
## (बजेट तथा कार्यक्रम शाखा)

प.सं : यो.व.का.०८०/८१
च.नं. : २४१

पशुपन्छीको उपचार सेवा, पशुपन्छीको रोग निदानको लागि नमूना संकलन तथा प्रेषण कार्यक्रम, इपिडेमियोलोजिकल रिपोर्टिङ कार्यक्रम जस्ता कार्यक्रमहरुलाई समेट्ने गरी बजेट विनियोजन गर्नु हुन।

२३.खाद्य तथा पोषण सुरक्षा अभिवृद्धि तथा गाउँ शहर पशुजन्य पदार्थ साझेदारी कार्यक्रम: मत्स्य उत्पादन कार्यक्रम, गाई भैंसी प्रवर्द्धन, कार्यक्रम भेडा प्रवर्द्धन कार्यक्रम, माछा प्रवर्द्धन कार्यक्रम, बाख्रापालन प्रवर्द्धन कार्यक्रम, बङ्गुरपालन प्रवर्द्धन कार्यक्रम, कुखुरापालन प्रवर्द्धन कार्यक्रम जस्ता बस्तु विशेष कार्यक्रमहरुलाई प्राथमिकता दिई स्थानीय उत्पादन सम्भाव्यता र बजारका आधारमा तर्जुमा गर्नुहुन।

२४.निर्माण भएका कृषि पूर्वाधारको उपयोग कार्यक्रम: विभिन्न समयमा निर्माण सम्पन्न भै संचालनमा नआएका तथा न्यून प्रयोग भएका कृषि बजार पूर्वाधार, शितभण्डार घर, दुध चिस्यान केन्द्र, बीउ भण्डार गोदाम घरहरुको समुचित उपयोगका लागि आवश्यक कार्ययोजना तयारीमा सहजिकरण र समस्या पहिचान पश्चात उक्त पूर्वाधारहरुको उपयोगका लागि कार्ययोजना तयारीका कार्यक्रमहरु संचालन गर्ने।

२५.सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिबेदन तयारी कार्यक्रमहरु: आर्थिक बर्ष २०८२/८३ का लागि सहयोग आवश्यक पर्ने पूर्वाधार र कार्यक्रमका लागि सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिबेदन तयारीका लागि बजेट विनियोजन गर्नु हुन। उक्त सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिबेदनका आधारमा कार्यक्रमहरु तयारी गर्न सहज हुने।

२६.बिगतमा सञ्चालित विभिन्न आयोजनाहरुका कार्यक्रम/ उप-आयोजनाकहरुको नियमित अनुगमन तथा मूल्याङ्कन कार्यक्रम: विगतमा संचालन भएका कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गर्न बजेट विनियोजन र दिगोपनाका लागि नियमित प्राविधिक सेवा प्रदान हुने कार्यक्रमहरु।

२७.राहतका कार्यक्रम: कृषि क्षेत्रमा विपदबाट हुन सक्ने क्षतिका कारण असर पर्ने कृषकलाई राहत वितरण गरी कृषि पेशामा पुर्नस्थापना गर्न आवश्यक हुने भएकाले राहत कार्यक्रम संचालन गर्न।

२८.जनशक्ति व्यवस्थापन कार्यक्रम: कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रका लागि प्रबिधि प्रसार गर्न आवश्यक प्रसार कार्यकर्ताहरु/ जनशक्तिको उचित र दिगो व्यवस्थापनको कार्यक्रमहरु संचालन गर्ने।

२९.कृषि हानिकारक वन्यजन्तुहरुको नियन्त्रण तथा रोकथाम कार्यक्रमहरु: कृषि क्षेत्रलाई हानी नोक्सानी पुर्याउने वन्यजन्तुहरुको व्यवस्थापनका लागि उचित नियन्त्रण तथा रोकथामका कार्यक्रमहरु संचालन गर्ने।

२/१८

दिलिप जंग राना
कृषि अर्थ विज्ञ
बजेट तथा कार्यक्रम शाखा